# भूकम्प पीडितका लागि राहत, पुनर्स्थापना र पुनर्लाभ सम्बन्धी

जानकारी पुस्तिका

**भूकम्प पीडितका लागि राहत, पुनर्स्थापना र पुनर्लाभ सम्बन्धी जानकारी पुस्तिका**

**लेखन/सम्पादन** : श्री सुदीप गौतम
श्री राममणि गौतम
श्री सुखदेव सापकोटा
श्री दिपेन्द्र प्रसाद पन्त
श्री विनोद कुमार लामिछाने

**कम्प्यूटर** : श्री सरिता फुयाल

**प्रकाशक** : कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)
पो.ब.नं. ६६१८, नयाँ बानेश्वर काठमाडौं, नेपाल
फोन : ९७७-०१-२०४२२६८, ४४८३७०६
फ्याक्स : ९७७-०१-४४८३७०४
E-mail: celrrd@wlink.com.np
Website: www.celrrd.org

**प्रकाशन सहयोग** : अमेरिकी अन्तराष्ट्रिय विकास नियोग
The Asia Foundation

**प्रकाशन मिति** : २०७३ जेष्ठ(तेस्रो संस्करण)

**प्रकाशित प्रति** : २०,००० प्रति

भूकम्प पीडितका लागि राहत, पुनर्स्थापना र पुनर्लाभ सम्बन्धी जानकारी पुस्तिका अमेरिकी अन्तराष्ट्रिय विकास नियोगको सहयोगमा सेलर्डद्वारा प्रकाशन गरिएको हो । यसमा प्रकाशित कुनैपनि सामग्री अथवा विषयवस्तुले अमेरिकी अन्तराष्ट्रिय विकास नियोग वा अमेरिकी सरकारको धारणाको प्रतिनिधित्व गर्दैन ।

# विषयसूची

पृष्ठभूमि ........................................................................................१
भूकम्प पछिको विपद् व्यवस्थापनमा सरकारी प्रयास ...............................१
भूकम्प पीडितको पूर्नवास............................................................................५
कर्जा सम्वन्धी विशेष व्यवस्था ..........................................................५
भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुर्ननिर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७२ मा भएको व्यवस्था.....................................७
महिला तथा बालबालिकाका सन्दर्भमा गरिएका विशेष व्यवस्था ............१४
भुकम्पबाट उब्जिएका कानुनी समस्या र समाधानका उपाय .................१५
हराएका वा नष्ट भएका कागजात पुन प्राप्त गर्ने तरिका .....................१५
रजिष्ट्रेशन पारित लिखत तमसुक वा बन्धकी लिखत ...........................१६
कागजातको पुनप्राप्तीको लागि कानुनी सहयोग ...................................१७

## १. पृष्ठभूमि

नेपालमा २०७२ साल बैशाख १२ र २९ गते गएको विनासकारी भूकम्पका कारणले देशका ३५ जिल्ला प्रभावित भए । काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, रसुवा, धादिङ्ग, नुवाकोट, गोरखा, सिन्धुली, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, मकवानपुर र ओखलढुङ्गा गरी १४ जिल्ला अति प्रभावित र संकटग्रष्त जिल्लाको सूचीमा रहेका छन् । यस विनासकारी भूकम्पमा परी मुलुकभरमा  ज्यान गुमाउनेको संख्या ८,८५६ रहेकोछ भने २२,३०९ जना घाईते भएका थिए । संस्थाले यो कार्यक्रम सञ्चालन गर्न लागेको ललितपुर र नुवाकोट जिल्लामा क्रमश १७,४४४ र ७५,५६२ घर पूर्ण रुपमा नष्ट भएको सरकारी तथ्याङ्क रहेको छ  । साथै ललितपुरमा १८० र नुवाकोटमा १,१०९ जनाको मानवीय क्षति भएको थियो भने क्रमशः ३,०५१ र १,०५० घाईते भएका थिए ।

उक्त विनासकारी भूकम्प पछि तत्काल नेपाल सरकार र अन्तर्राष्ट्रिय समुदाय जुटी उद्दार र आकस्मिक राहतको चरण सम्पन्न भई सकेको छ । हाल हामी थप राहत तथा पुनर्स्थापनाको चरणमा प्रवेश गरेका छौं । यसै सन्दर्भमा भूकम्पबाट विपद्मा परेका पीडित नाागरिकलाई सरकार वा विभिन्न संघसंस्थाले प्रदान गर्ने सेवा र सुविधाका बारेमा जानकारी प्रदान गरी त्यस्तो सेवा र सुविधामा पीडितको सहज पहुँज पुऱ्याउने कार्यमा सहयोगका लागि यो जानकारी पुस्तिका तयार गरिएको छ ।

### भूकम्प पछिको विपद् व्यवस्थापनमा सरकारी प्रयास :

अकल्पनीय यो विपद्को सामना गर्न र पीडितलाई तत्काल राहत, पुनर्स्थापना र पुनर्निर्माण गर्नका लागि नेपाल सरकारले तुरुन्त अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गऱ्यो र सोही अनुरुप विभिन्न ३४ राष्ट्रबाट विज्ञहरु आई आपतकालीन उद्दारको कार्य कुसलतापूर्वक सम्पन्न भयो । पुनर्निर्माणका लागि नेपाल सरकारको आव्हानमा २०७२ साल असार १२ गते दातृराष्ट्रहरुको अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भई ४ खर्ब भन्दा बढी अन्तर्राष्ट्रिय सहयोगको प्रतिवद्धता समेत प्राप्त भएको छ । राहत तथा पुनर्निर्माणको कार्यलाई सहज र व्यवस्थित गर्नका लागि सरकारी तवरमा विभिन्न मितिमा भएका निर्णय अनुसार पीडितले निम्न सेवा र सुविधा प्राप्त गर्न सक्नेछन् ।

## मिति २०७२/०१/१७ को मन्त्रीपरिषदको निर्णय

- नि. नं. १: भूकम्पमा परी मृत्यु भएकाको किरियाखर्चबापत मृतकका एकाघरका निकटतम् परिवारजनलाई प्रतिमृतक रु. ४० हजार गृहमन्त्रालयले उपलब्ध गराउने ।
- नि. नं. २: मृत्यू भएका व्यक्तिको एकाघरको प्रत्येक परिवारलाई रु १ लाख उपलब्ध गराउने
- नि. नं. ४: भूकम्पका कारण पुरानो घरबासमा घर चर्केको कारणले घर फर्कने नसक्ने अवस्था एवम् सबै परिवारजन गुमाई असहाय भएकाको लागि सुरक्षित स्थानमा शिविर स्थापना गरी राख्ने र अर्को व्यवस्था नभएसम्म खानेबस्ने व्यवस्था गृहमन्त्रालयले गरीदिने ।
- नि. नं. ५: भूकम्पले चर्केको घर मर्मतको लागि पछि घरनिर्माण/पुनर्वास र स्थानान्तर सम्बन्धी कुनैपनि सुविधा नपाउने सर्तनामा गराई प्रतिघरपरिवार मर्मतबापत २५ हजार सम्म अनुदान गृहमन्त्रालयमार्फत उपलब्ध गराउने
- नि. नं. ७: अभिभावक नभएका बालबच्चाको राहत रकम नाबालकका नाममा जिल्ला महिला तथा बालबालिका कार्यालय संरक्षक भई बैक खाता खोलेर राखीदिने र नाबालक बालिग भएपछि सम्बन्धितलाई दिने ।

माथिको निर्णय अनुसार भूकम्पमा परी मृत्यू भएका परिवारले प्रतिमृतक रु. ४० हजार किरियाखर्च र परिवारका सदस्य मृत्यू भएकोमा प्रतिपरिवार थप १ लाख रुपैया पाउनुपर्दछ । भूकम्पका कारण घर फर्कन नसक्ने अवस्था भएका वा असहाय बनेका व्यक्तिले नेपाल सरकारले व्यवस्था गरेको शिविरमा खानेबस्ने सुविधा पाउनु पर्दछ ।

यदि कसैको घर भूकम्पले चर्केको भए त्यस्तो घर मर्मतको लागि नेपाल सरकारबाट रु. २५ हजार सम्म अनुदान पाईन्छ तर यो सुविधा लिनेले घरनिर्माण/पुनर्वास र स्थानान्तर सम्बन्धी अरु कुनैपनि सुविधा लिन पाईदैन । पीडित अभिभावक नभएका बालबालिका भएको अवस्थामा त्यस्तो बालबालिकालाई दिने राहतको रकम उनीहरुकै नाममा जिल्ला महिला तथा बालबालिका कार्यालय संरक्षक भई बैकमा खाता खोली

राखीदिने व्यवस्था छ । यस्तो रकम बालबालिका १६ वर्ष पुगेपछि बालबालिकाले नै प्राप्त गर्नसक्नेछन् ।

**मिति २०७२/०१/२० को केन्द्रीय दैवी प्रकोप उद्दार समितिको निर्णय :**

- नि. नं. ११ः भूकम्पबाट घाईते भएका बिरामीलाई औषधिउपचार पश्चात अस्पतालबाट डिस्चार्ज गर्दा निजको कुनै सम्बन्धित व्यक्ति वा नातेदार नभएको अवस्थामा निज बिरामीले आफ्नो गाँउ फर्कन चाहेमा निजलाई स्वीकृत प्रकोप पीडित राहत मापदण्ड बमोजिम यातायात खर्चको व्यवस्था जिल्ला दैवि प्रकोप उद्दार समितिले गर्ने र आफन्त कोही नभएको वा घर भत्की तथा अन्य कारणले गाँउ फर्कन सक्ने अवस्था नरहेमा निजलाई गैरसरकारी संस्थाहरु समेतको सहयोगमा अस्थायी आश्रयस्थल वा पुनर्स्थापना केन्द्रमा राख्ने व्यवस्था शहरी विकास मन्त्रालयले मिलाउने ।
- नि. नं. १३ ख अनुसार घाईते पशुको उपचार र पीडित कृषकलाई राहत दिने सम्बन्धमा आवश्यक रकम समेत विनियोजन गरिएको छ ।

कुनै घाईते बिरामी औषधिउपचार पश्चात घर फर्कन चाहेमा त्यस्तो व्यक्तिको यातायातखर्च नेपाल सरकारले उपलब्ध गराउनेछ । यदि त्यस्तो व्यक्तिको कोही नभएको वा घर भत्की तथा अन्य कारणले गाँउ फर्कन सक्ने अवस्था नरहेमा निजलाई गैरसरकारी संस्थाहरु समेतको सहयोगमा आश्रयस्थल वा पुनर्स्थापना केन्द्रमा बस्ने व्यवस्था गर्नुपर्दछ । यसका अतिरिक्त भूकम्पका कारणले कसैको पशु घाईते भएको रहेछ भने त्यस्तो पशुको उपचार सरकारले गरिदिने र पीडित कृषकले आवश्यक राहत प्राप्त गर्न सक्नेछ ।

मिति २०७२/०२/०८ मा मन्त्रीपरिषद आर्थिक तथा पूर्वाधार समितिबाट स्वीकृत भूकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकीकृत कार्ययोजाना, २०७२

- भूकम्पबाट मृत्यू भएका एकाघरका पीडित परिवारका विदेशमा रहेका सदस्यले नेपाल फर्कन चाहेमा सहजीकरण गर्ने,
- भूकम्पबाट प्रभावित क्षेत्रका कृषकलाई राहत स्वरुप वर्षे

बालीका लागि क. बिउविजन निशुल्क उपलब्ध गराउने ख. मलखाद सहुलियतमा दिने ग. मालपोत मिनाहा दिने

- प्रभावित क्षेत्रका बैंकका ऋणीका लागि ऋणको सीमा ऋणीको आर्थिक अवस्था र क्षतीको समेत आधार हेरी व्याज र ऋण भुक्तानी तालिकाको पुनर्सरचना गर्ने एवम् कार्यविधि बमोजिम ५० हजारसम्म ऋणको साँवा र व्याज मिनाहा दिने,

- भूकम्पबाट प्रभावित जनताको पुनर्वासका लागि आवश्यक काठ सहुलियत दरमा उपलब्ध गराउने

माथिका निर्णय बमोजिम भूकम्पबाट प्रभावित व्यक्तिको परिवार विदेशबाट फर्कन चाहेमा सरकारले सहयोग गर्ने, कृषकलाई मलखाद बिउविजन क्रमशः सहुलियत दरमा तथा निशुल्क उपलब्ध गराउने, बैंकबाट ऋण लिएको भए त्यस्तो ऋणको ऋण भुक्तानी तालिका पुनरचना गर्ने तथा ५० हजारसम्म ऋणको सावा र व्याज मिनाहा गर्ने र पुनर्वासका लागि काठ सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था गरिएकोछ।

**प्रकोप पीडित उद्दार र राहत सम्बन्धी मापदण्ड, २०६४**

- मापदण्ड नं. २ (भ्क) अनुसार पीडित परिवारका सदस्य मध्ये कुनै एकजनालाई वैदेशिक रोजगारीमा जाने ईच्छा भएमा उमेर र अवस्थालाई विचार गरी सम्बन्धित व्यक्तिको खर्च एवम् जिल्ला दैवि प्रकोप उद्दार समितिको सिफारिसमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयले वैदेशिक रोजगारीमा पठाउने व्यवस्था मिलाउने

यो व्यवस्था अनुसार कुनै भूकम्प पीडित परिवारको सदस्य वैदेशिक रोजगारीमा जान चाहेमा श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत रहेको वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नुपर्दछ। यसरी सम्पर्क गरेको व्यक्तिलाई नेपाल सरकारले आवश्यक प्रक्रिया पूरा गरी सहज रुपमा वैदेशिक रोजगारीमा पठाउन मद्दत गर्नेछ।

**मिति २०७२/०२/२२ को मन्त्रीपरिषदको निर्णय**

- नि. नं. १(ग) : भूकम्प पीडितको परिचयपत्र सम्बन्धित गाविस र नपाबाट वितरण गर्ने र राहत स्वरुप प्रति परिवार रु १५ हजार वितरण गर्ने

माथिको निर्णय अनुसार हरेक भूकम्प पीडितले भूकम्प पीडित परिचयपत्र अनिवार्य रुपमा लिनुपर्नेछ । यस्तो परिचयपत्र सम्बन्धित गाविस वा नगरपालिकाबाट प्राप्त हुन्छ । यदि कसैले परिचयपत्र लिएन भने पछि सरकारी स्तरबाट प्राप्त हुने सेवासुविधा र सहुलियतबाट वञ्चित हुन सक्दछन् ।

भूकम्पबाट घरवासको पूर्णक्षति भएका प्रत्येक परिवारलाई तत्काल राहत स्वरुप अस्थायी वासका लागि नेपाल सरकारले रु. १५ हजार उपलब्ध गराउने व्यवस्था गरेको हुँदा सम्बन्धित गाविस वा नगरपालिकाबाट सो रकम प्राप्त गर्न सकिनेछ ।

## भूकम्प पीडितको पुनवास :

भूकम्प पिडीतहरुलाई पुनरवास गराउनका लागि नेपाल सरकारले राष्ट्रिय पुन:निर्माण प्राधिकरण गठन गरेको छ र उक्त प्राधिकरणले एक कार्यविधि बनाई निम्न व्यवस्थाहरु गरेको छ ।

**कर्जा सम्बन्धी विशेष व्यवस्थाः**

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागले भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निमाणका लागि पुनरकर्जा कार्यविधि, २०७२ जारी गरेकोछ । सो कार्यविधिमा मुख्यतया निम्न व्यवस्था छन् :

- पुनरकर्जाको अधिकतम सीमा काठमाडौं उपत्यकामा प्रति घरपरिवार रु २५ लाख र उपत्यका बाहेकका प्रभावित जिल्लामा रु १५ लाख सम्मको ऋण सुविधा आवासीय घर पुनर्निर्माण प्रयोजनका लागि मात्र हुनेछ । उक्त सीमा भन्दा बढी प्रवाह भएको कर्जाको रकममा पुनरकर्जा सुविधा प्रदान गरिने छैन ।
- यो सुविधा ऋणी तथा निजको परिवारमा बस्नयोग्य आवासीय घर नभएको अवस्थामा मात्र उपलव्ध गराइने छ ।

- बैंक तथा वित्तीय संस्थाले आवासीय घर पुनर्निर्माण प्रयोजनको लागि प्रदान गर्ने ऋणमा अधिकतम २ प्रतिशत सम्म व्याज लिनुपर्नेछ ।

- बैंक वा वित्तीय संस्थाले उपर्युक्त बमोजिमको कर्जामा व्याजदर परिवर्तन गर्न पाउने छैनन् । यस्तो कर्जामा व्याज तथा तेस्रो पक्षलाई भुक्तानी गर्नुपर्ने (बिमा, धितो मूल्याङ्कन, कर्जा सूचना, कर्जा सुरक्षण शुल्क) लागत बराबरको शुल्क बाहेक अन्य कुनै पनि प्रकारको शुल्क लिन पाइने छैन ।

- सुरुको एक वर्ष ग्रेस अवधि हुने गरी यस्तो कर्जाको न्युनतम अवधि ५ वर्ष र अधिकतम १० वर्षसम्मको हुनेछ । कुनै ऋणीले अग्रीम भुक्तानी गर्न चाहेमा कुनै पनि प्रकारको अग्रीम भुक्तानी शुल्क लाग्ने छैन । यस्तो पुनरकर्जा सुविधा एक पटकको लागि बढीमा १ बर्षको लागि मात्र प्रदान गरिने छ र विद्यमान कानुनी व्यवस्थाको अधिनमा रही निरन्तरता हुने व्यवस्था मिलाइने छ । तर, बैंक तथा वित्तीय संस्थाबाट घरकर्जा उपभोग गरिरहेका ऋणीको सोही घर क्षतिग्रस्त भई पुनः कर्जा लिनु परेको अवस्थामा कर्जाको अवधि बढीमा पन्ध्र वर्षसम्म हुनेछ ।

- बैंक वा वित्तीय संस्थाले आवासीय घर पूनर्निर्माण कर्जा प्रवाह गर्दा निर्माण प्रगतिका आधारमा कम्तिमा चार चरणमा भुक्तानी हुने गरी प्रवाह गर्नुपर्नेछ ।

- आवासीय घर पुनर्निर्माण गर्दा राष्ट्रिय भवन संहिता तथा भूकम्प प्रतिरोधात्मक मापदण्डको पालना गरेको हुनुपर्नेछ ।

- बैंक वा वित्तीय संस्थाले नेपाल सरकारको सम्बन्धित निकाय वा स्थानीय निकाय नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका/ वडा कार्यालय/गाविस) को भूकम्प पीडित भई आवासीय घर क्षतिग्रस्त भएको र ऋणीको परिवारमा अन्य कुनै आवासीय घर नभएको प्रमाण अनिवार्य रुपमा लिनुपर्नेछ ।

**भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुर्ननिर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७२ मा भएको व्यवस्था**

## अनुदान सम्झौता र वित्तीयप्रबन्ध संवन्धी

(१) भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुर्ननिर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७२ को अनुसूची-२ बमोजिमको शर्त सहितको अनुदान सम्झौता पत्रको आधारमा स्थानीय निकायले देहाय बमोजिमको प्रकृया पूरा गरी लाभग्राहीलाई अनुदान रकम वितरण गर्नेछ । यस प्रयोजनका लागि कार्य सञ्चालन प्रकृया तयार पारी कार्यान्वयन गर्न सकिनेछ ।

(क) प्राधिकरणले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्बद्ध आयोजना कार्यान्वयन इकाईमार्फत सम्बद्ध जिल्ला आयोजना कार्यान्वयन इकाईलाई आवश्यकता अनुसार अनुदानको रकम निकाशा गर्नेछ ।

ख) सम्बद्ध जिल्ला आयोजना कार्यान्वयन इकाईले लाभग्राहीहरुको सूची सम्बन्धित बैंक तथा स्थानीय निकायलाई उपलब्ध गराउनेछ । सम्बन्धित स्थानीय निकायले सूचीकृत लाभग्राहीसँग अनुदान सम्झौता गर्नेछ । सोही आधारमा सम्बन्धित बैंकमार्फत सम्बन्धित लाभग्राहीको खातामा रकम उपलब्ध गराउनेछ ।

ग) यसरी रकमउपलब्ध गराउँदा अनुसूची-३ बमोजिमका प्रक्रिया अनुसार तीन किस्तामा अनुदान उपलब्ध गराइनेछ । यस्तो अनुदान रकम अधिकतम दुई लाख रुपैयाँ हुनेछ ।

(घ) कार्यविधिको दफा ४ बमोजिम दुई लाख रुपैयाँ सम्मको अनुदान सहायता रकम भन्दा बढी लागतको निजी आवास निर्माण कार्यको रकम लाभग्राही स्वयंले व्यहोर्नुपर्ने छ । यस्तो बढी लागत व्यहोर्न नसक्ने लाभग्राहीहरुले तीन लाख रुपैयाँ सम्मको सहुलियत कर्जा सामूहिक जमानीका आधारमा नेपाल राष्ट्र बैंकले तर्जुमा गरेको कार्यविधिका आधारमा बैंकिङ प्रणालीबाट प्राप्त गर्न सक्नेछन् ।

ङ) दफा ५(१) (घ) मा उल्लेखित सामूहिक जामानीमा तीन लाख रुपैयाँ सहुलियत कर्जा नलिइ धितो जमानीमा क्षतिग्रस्त घर पुननिर्माण गर्न चाहने लाभग्राही एवम् अन्य क्षतिग्रस्त घर पुनर्निर्माण गर्नुपर्ने भूकम्प पीडित परिवारले बैक तथा वित्तीय संस्थाबाट ऋण लिन चाहेमा सरल प्रकृया अपनाई नेपाल राष्ट्र बैंकले तर्जुमा गरेको

कार्यविधिको आधारमा सहुलियत ब्याज दरमा काठमाडौं उपत्यकाभित्र पच्चीस लाख रुपैयाँसम्म र उपत्यका बाहिर पन्ध्र लाख रुपैयाँसम्म भूकम्प पीडित विशेष आवास कर्जा प्राप्त गर्न सक्नेछन् ।

(च) सरकारबाट उपलब्ध हुने सहायताको सम्पूर्ण रकम निजी आवास निर्माणको कार्यमा मात्र खर्च गर्नुपर्नेछ ।

(छ) सम्झौता पत्र तथा खर्च विवरण सम्बन्धी अभिलेख सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन इकाईहरुले राख्ने छन र सोको जानकारी जिल्ला विकास समितिको कार्यालय एवं सम्बद्ध मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन इकाई तथा प्राधिकरणमा आवधिक रुपमा पठाउनु पर्नेछ ।

(२) अन्य स्वदेशी वा विदेशी संघ संस्थाको सहयोगमा आवास भवन निर्माणका लागि अनुदान वा निजी आवास भवननै प्राप्त गरेको लाभग्राही तथा भूकम्प पीडितलाई यस कार्यविधि बमोजिमको दुई लाख रुपैयाँ अनुदान सहायता, सहुलियत कर्जा एवं भूकम्प पीडित विशेष आवास कर्जा उपलब्ध गराइने छैन ।

(३) कुनै लाभग्राहीको एक भन्दा बढी आवासभवन क्षति भएकोमा त्यस्ता लाभग्राहीले यस कार्यविधिका अधिनमा रही एउटा आवास भवन पुनर्निर्माणका लागि मात्र अनुदान पाउने छ। एक भन्दा बढी स्थानमा आवास भवन हुने लाभ ग्राहीलाई अर्को स्थानमा घर पुनर्निर्माण गर्नु नपर्ने अवस्थामा यो अनुदान सहायता उपलब्ध गराइने छैन । साथै सहुलियत कर्जा र भूकम्प पीडित विशेष आवास कर्जासमेत उपलब्ध गराइने छैन ।

**नेपाल सरकारले माथि उल्लेखित ब्यवस्थाहरुको कार्यान्वयन निम्न अनुसुची अनुसार गर्ने छ ।**

**अनुसूची -१**

## भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण अनुदानका लागि लाभग्राही छनौट मापदण्ड

२०७२ वैशाख १२ गतेको भूकम्प तथा त्यसपछिका पराकम्पहरुबाट क्षतिग्रस्त निजी आवास भवनहरुको पुनर्निर्माणका लागि अनुदान प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान देहाय बमोजिम हुनेछ ।

१) केन्द्रीय तथ्यांक विभागद्वारा संचालित "भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत संकलन कार्यक्रम" अन्तर्गत संलकन गरिएको तथ्यांकहरुको विश्लेषण गर्दा क्षतिको तह (ग्रेड) तीन, चार र पाँचमा सूचीकृत भएका घरधनीहरु ।

२) बुँदा नम्बर १ मा समावेश भएका घरधनीहरु मध्ये निम्न अवस्थामा निम्नानुसार अनुदान सहयोग उपलब्ध गराइनेछ ।

२.१. २०७२ साल वैशाख १२ गते अगावै सम्बन्धित जिल्ला मालपोत कार्यालयमा अंशबण्डा पास गरेका घर परिवारलाई छुट्टै घर परिवारमा गणना गरी अनुदान रकम उपलब्ध गराइने ।

२.२. एकाघर परिवारको सदस्यको नाममा घर जग्गा भएको, तर घर जग्गाको स्वमित्व भएको परिवारको सदस्य विदेशमा भएको अवस्थामा घर बनाउनका लागि एकाघर परिवारको नाता प्रमाणित भएका हकवाला व्यक्तिलाई तोकिएबमोजिमको अनुदान रकम उपलब्ध गराउने ।

२.३. कुनै ठाउँमा जग्गा नापी नै नभएको, तर बस्ती बसेको अवस्थामा त्यस्ता बस्तीका घरहरुलाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा त्यस्तो बसोबास भएको जग्गा व्यक्तिगत भए नापी गरी गराई सम्बन्धित व्यक्तिको नाममा जग्गाधनी प्रमाणपूर्जा प्राप्त गरे पछि तोकिए बमोजिमको अनुदान रकम उपलब्ध गराउने ।

२.४. भूकम्पबाट क्षतिग्रस्त आवास भएकै स्थानमा वा सीमाना जोडिएको छिमेकी गाविस वा भूकम्प प्रभावित सोही जिल्लाको अन्य सहज हुने उपयुक्त स्थानमा आवास निर्माण गर्ने भएमा उल्लिखित अनुदान रकम उपलब्ध गराउन सकिने ।

**अनुसूची -२**

# भूकम्पबाट क्षतिग्रस्त निजी आवास भवन पुनर्निर्माणका लागि अनुदान सम्झौता-पत्र

प्रथम पक्ष लाभग्राही म ....................................., तथा द्वितीय पक्ष स्थानीय निकायको तर्फबाट अधिकारप्राप्त अधिकारी म ............................, हामीहरु दुवै पक्षले देहायबमोजिमका शर्तहरुको अधीनमा रही यो अनुदान सम्झौता-पत्रमा सही छाप दस्तखत गरेका छौं ।

प्रथम पक्ष लाभग्राहीले मञ्जुर गरेका शर्तहरुः

(१) मेरो घर २०७२ साल वैसाख १२ गते गएको भूकम्प तथा त्यसपछिका पराकम्पहरुबाट क्षतिग्रस्त भएको ठीक साँचो हो ।

(२) मैले एउटा घर पुनर्निर्माण गर्नको लागि मात्र अनुदान माग गरेको छु (लाभग्राहीको एक भन्दा बढी घर क्षति भएको अवस्थामा) ।

(३) मैले अरु निकाय वा संघसंस्थाबाट घर निर्माणका लागि अनुदान प्राप्त गरेको छैन र गर्ने पनि छैन ।

(४) म/मेरो परिवारका लागि घर पुनःर्निर्माण गर्नका निम्ति मेरो/मेरो परिवारको नाममा उपयुक्त र पर्याप्त घडेरी जग्गा छ ।

(५) मैले पुनर्निर्माण गर्ने घर सम्झौतापत्रमा उल्लिखित शर्त, तोकिएको मापदण्ड, प्रविधि र गुणस्तर अनुरुप बनाउनेछु ।

(६) निर्माण सामग्रीको खरिद गर्ने तथा डकर्मी, सिकर्मी, प्लम्वर, इलेक्ट्रिसियन तथा अन्य निर्माण कार्य गर्ने कर्मचारी तथा श्रमिक जुटाउने तथा काममा लगाउने जिम्मेवारी मेरो हुनेछ ।

(७) मेरो घर निर्माणका निम्ति उपलब्ध अनुदानका अतिरिक्त लाग्ने लागत म आफैले थप लगानी गरी वा सहुलियत कर्जा वा भूकम्प पीडित विशेष आवास कर्जाबाट निर्माण कार्य सम्पन्न गर्नेछु ।

(८) पुनर्निर्माण कार्यक्रम अन्तर्गत दिइने अभिमुखीकरण तथा तालिम कार्यक्रममा म सहभागी हुनेछु ।

(९) मैले पुनर्निर्माणका लागि तोकिएको बैंकमा खोलिएको खातामार्फत मात्र रु. ५०,०००। को पहिलो किस्ता प्राप्त गर्नेछु ।

(१०) मैले तोकिएको गुणस्तर बमोजिम प्लिन्थ तहसम्मको निर्माण सम्पन्न गरेको कुरा सहरी विकास मन्त्रालय अन्तर्गतको जिल्ला आयोजना कार्यान्वयन इकाईले तोकेको प्राविधिकबाट प्रमाणित भएपछि मात्र दोस्रो किस्ताको रु. ८०,०००। प्राप्त गर्नेछु ।

(११) मैले तोकिएको गुणस्तर बमोजिम छाना छाउनु अगाडिको तहसम्मको निर्माण सम्पन्न गरेको कुरा सहरी विकास मन्त्रालय अन्तर्गतको जिल्ला आयोजना कार्यान्वयन इकाईले तोकेको प्राविधिकबाट प्रमाणित भएपछि मात्र रु. ७०,०००। को तेस्रो तथा अन्तिम किस्ता प्राप्त गर्नेछु ।

(१२) छाना निर्माण सम्पन्न भएपछि घरको पुनर्निर्माण कार्य स्वीकृत मापदण्ड र प्रविधि बमोजिम भए नभएको सम्बन्धमा प्रमाणीकरण गर्न गराउन मेरो मञ्जुरी छ ।

(१३) मेरो घर निर्माणमा गुणस्तर, मापदण्ड र प्राविधि अनुरुप नभएमा मेरो आफ्नो स्रोत, साधन र सामग्री प्रयोग गरी सुधार गर्न मञ्जुरी छ ।

(१४) माथि उल्लिखित ब्यहोरा ठीक साँचो हो । झुट्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

द्वितीय पक्ष स्थानीय निकायको तर्फबाट अधिकारप्राप्त अधिकारीले मञ्जुर गरेका शर्तहरुः

(१) प्रथम पक्षबाट उल्लेखित शर्तहरु पूरा भएको अवस्थामा तोकिए अनुसारको आवास पुनर्निर्माण अनुदान नेपाल सरकारबाट बैंक मार्फत् उपलब्ध गराइनेछ ।

प्रथम पक्ष लाभग्राहीः

हस्ताक्षर..............................

लाभग्राही वा निजको प्रतिनिधिको नामः

(यदि लाभग्राहीको आधिकारिक हकवाला व्यक्ति हो भने)

सर्भेक्षण परिचयपत्र नं..........

ठेगानाः
गाविस/न.पा.:..............................

वडा नं.:........

औठाको छाप .........

फोटोः

द्वितीय पक्ष स्थानीय निकायको तर्फबाट अधिकारप्राप्त अधिकारीः

हस्ताक्षर..............................

स्थानीय निकायका अधिकारीको नामः

पदः

कार्यालयः

**अनुसूची– ३**

**लाभग्राही पहिचान, अनुदान वितरण तथा प्राविधिक निरीक्षण प्रक्रिया :**

| सि.न. | क्रियाकलाप | जिम्मेवार निकाय | विस्तृत विवरण |
|---|---|---|---|
| १. | लाभग्राहीको पहिचान | केन्द्रीय तथ्याङ्क विभाग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण । | केन्द्रीय तथ्यांक विभागले स्वीकृत सर्भेक्षण फारामको प्रयोग गरी जिल्ला जिल्लामा तालिम प्राप्त सर्भेक्षकहरु खटाइ भूकम्प प्रभावित आवास पुनःर्निर्माण लगत संकलन कार्यक्रमबाट प्राप्त तथ्यांकहरुको अनुसूची १ बमोजिम मापदण्डको आधारमा विश्लेषण गरी लाभग्राहीहरुको पहिचान गर्ने । |
| २. | अनुदान सम्झौता पत्रमा हस्ताक्षर(सही छाप) । | लाभग्राही र स्थानीय निकाय | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको जिल्ला आयोजना कार्यान्वयन इकाईको नेतृत्वमा स्थानीय स्तरमा स्रोत केन्द्र वा स्थानीय निकायको भवन वा अन्य पायक पर्ने स्थानमा सञ्चालन गरिने अनुदान सम्झौता स्थलमा गई निर्धारित प्रकृया अनुसार सम्झौता पत्रमा हस्ताक्षर गर्ने । |
| ३. | बैंक खाता | लाभग्राही र तोकिएको बैंक | अनुदान सम्झौता हस्ताक्षर भइसकेपछि वा सो भन्दा अघि नै शाखा वा काउन्टरमा आफ्नो नाममा खाता खोल्ने र सोही खातामा निर्धारित किस्ता अनुसारको रकम जम्मा हुने । |
| ४. | प्रथम किस्ता वितरण | स्थानीय निकाय | पहिलो किस्ता वापत कूल अनुदानको २५ प्रतिशत बराबरको रकम अर्थात रु ५०,०००/ स्थानीय निकायले जिल्ला आयोजना, कार्यान्वयन इकाईले निर्धारित बैंक मार्फत जम्मा गरिदिने । |

| | | | |
|---|---|---|---|
| ५. | प्राविधिक निरीक्षण-१ | सहरी विकास मन्त्रालय अन्तर्गतका जिल्ला आयोजना कार्यान्वयन इकाईद्वारा तोकिएको प्राविधिक | जगर प्लिन्थ सम्मको कार्य भूकम्प प्रतिरोधी प्रविधिबाट गरे नगरेको एवं गुणस्तर कायम भए नभएको वारेमा निर्माण कार्यको निरीक्षण गरी मापदण्ड अनुरुप भए नभएको निर्धारित फाराम भरी प्रमाणित गर्ने । |
| ६ | दोस्रो किस्ता वितरण | स्थानीय निकाय | दोस्रो किस्ता ४० प्रतिशतले हुने रु ८०,०००/ सम्बन्धित लाभग्राहीको खातामा जम्मा हुने गरी भुक्तानी दिने । यो रकमबाट प्लिन्थ भन्दामाथि छाना छाउने तहसम्मको कार्य सम्पन्न गर्न खर्च गर्नुपर्नेछ । |
| ७. | प्राविधिक निरीक्षण-२ | सहरी विकास मन्त्रालय अन्तर्गतका जिल्ला आयोजना कार्यान्वयन इकाईद्वारा तोकिएको प्राविधिक | प्लिन्थ भन्दा माथि गाह्रो झयाल ढोकाको चौकोस राख्ने सम्पूर्ण कार्य भूकम्प प्रतिरोधी प्रविधि वमोजिम गरे नगरेको वारेमा नियमित सुपरिवेक्षण गरी गाह्रो लगाउने र छाना छाउने काम सम्पन्न भए पछि अन्तिम किस्ता कालागि सिफारिस गर्न प्राविधिक निरीक्षण-२ गर्ने । |
| ८. | अन्तिमकिस्ता | स्थानीय निकाय | बाँकी ३५ प्रतिशतले हुने रु ७०,०००/सम्वन्धित लाभग्राहीको खातामा जम्मा हुनेगरी भुक्तानी दिने। यो रकमवाट छाना छाउने लगायत बाँकी कार्य सम्पन्न गर्ने । |
| ९. | अन्तिम प्राविधिक परीक्षण | सहरी विकास मन्त्रालय अन्तर्गतका जिल्ला आयोजना कार्यान्वयन इकाईद्वारा तोकिएको प्राविधिक | साधारणतया काम सम्पन्न भएको ३ महिना भित्र अन्तिम प्राविधिक परीक्षण गर्ने । |

पुनश्च : अनुदान तथा पुन:निर्माण कर्जाका लागि अन्य थप जानकारी आवश्यक परेमा भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि,२०७२ मा व्यवस्था गरिएको छ ।

## महिला तथा बालबालिकाका सन्दर्भमा गरिएका विशेष व्यवस्था :

भूकम्प पश्चात् महिला तथा बालबालिकाको आपतकालीन संरक्षण र सेवाका लागि नेपाल सरकारको मिति २०७२/०३/१७ को निर्णयबाट स्वीकृत भएको मार्गदर्शन अनुसार महिला विकास कार्यक्रम अन्तर्गत निम्न व्यवस्था गरिएको छ ।

- अभिभावक नभएका बालबालिका, एकल महिला, ज्येष्ठ नागरिक, रोगी, सुत्केरी, गर्भवती, अपाङ्गता भएका व्यक्ति, हेरचाह गर्ने कोही नभएका महिलाका लागि सङ्क्रमणकालीन पुनर्स्थापना केन्द्र स्थापना गरी राहत र पुनर्स्थापनाको कार्यक्रम सञ्चालन गर्ने,
- शिविर सञ्चालन भएका स्थानमा हुन सक्ने महिला हिंसाका गतिविधिका सम्बन्धमा विशेष निगरानी राख्ने;
- बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असहाय वर्गका विषयमा विशेष संरक्षणको प्रवन्ध गर्ने
- परिवारसँग विछोडिएका बालबालिकालाई परिवारसँग मिलन गराउने, परिवार गुमाएका वा एक्ला बालबच्चाको उचित स्याहार र लालनपालनको व्यवस्था मिलाउने वा आफन्तलाई बुझाउने ।
- अभिभावकविहीन बालबालिकाको खोजीनिती, संरक्षण गर्ने
- गर्भवती, सुत्केरी आमा, नवजात शिशु, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बिरामी, ज्येष्ठ नागरिकको आवश्यकीय हेरचाह गर्ने;
- मनोवैज्ञानिक संत्रासमा परेका खास गरी बालबालिका, किशोरी, एकल महिलाका लागि मनोविमर्श, मनोसामाजिक परामर्शको व्यवस्था मिलाउने;
- महिला तथा किशोरीमाथिको सम्भावित यौनजन्य आक्रमण, ओसारपसार, बेचबिखनजस्ता अपराध कर्मको रोकथाम, निगरानी गर्ने;
- विशेष गरी जीविकोपार्जनको अवसर पुनर्सिजना गर्ने गरी समूह, समिति, संस्थाका गतिविधिको निरन्तरतामा, तीव्रता दिने;

माथि उल्लिखित व्यवस्था महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय मातहत रहेको जिल्ला महिला तथा बालबालिका कार्यालयले विभिन्न संघसंस्थाको समन्वयमा आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्न जिम्मेवारी तोकिएकोछ ।

भूकम्प पछि राहत, उद्दार पुनर्स्थापना तथा पुनर्लाभको लागि सरकारी तवरमा माथि उल्लेख भए बमोजिमका प्रावधान, कार्यविधि तथा कार्ययोजना बनेका छन् । भूकम्प प्रभावित तथा पीडित व्यक्ति वा परिवारले उपलब्ध सेवा सुविधा प्राप्तीको लागि सुसूचित एवम् सचेत हुनुपर्दछ भने उनिहरुको तदरुकता एवम् सरकारी तथा गैरसरकारी क्षेत्रको सहयोगले मात्र प्रावधान अनुसारका सेवा सुविधा सुनिश्चित हुन सक्छन् । यस्ता सेवा सुविधा प्राप्तीका लागि कानुनी, नीतिगत र प्रशासनीक व्यवस्था बारे पनि जानकारी हुनुपर्दछ । सरकारी वा गैरसरकारी स्तरबाट प्राप्त हुने सेवा स्थानीय स्तरमा गाविस वा नगरपालिकाको संयोजनमा हुनेहुँदा आफ्नो गाविस वा नगरपालिकामा निरन्तर सम्पर्कमा रहनु पर्दछ ।

## भूकम्पबाट उब्जिएका कानुनी समस्या र समाधानका उपाय

भूकम्पका कारण घर पूर्ण रुपमा क्षति हुँदा व्यक्तिका सम्पत्ति कारोवार र परिचयसँग सम्बन्धित कागजातहरु जस्तैः जग्गाधनी प्रमाणपूर्जा, राहदानी, तमुसक, नागरिकता, सवारी चालक अनुमतिपत्र बैंकिङ्ग कारोबारसँग सम्बन्धित काजगपत्र, विमाका कागजात, व्यक्तिगत घटना दर्ता सम्बन्धी कागजात, पेन्सन पट्टा, नियुक्ती पत्र, शैक्षिक योग्यताका प्रमाणपत्र जस्ता कागजातहरु नोक्सान भएका छन् भने यस्ता कागजातहरु कहाँबाट र कसरी प्राप्त गर्न सकिन्छ भन्ने सम्बन्धमा रहेका कानुनी व्यवस्थाको बारेमा यहाँ चर्चा गरिएको छ ।

## हराएका वा नष्ट भएका कागजात पुन प्राप्त गर्ने तरिका

**अदालती मुद्दा मामिला सम्बन्धी कागजात**ः अदालतमा कुनै मुद्दा चलिरहेको छ भने सम्बन्धित अदालतमा उपस्थित भई आफूलाई आवश्यक परेका त्यस्ता कागजातका प्रतिलिपी लिन सकिन्छ । यस्ता प्रतिलिपि लिनको लागि अदालतसमक्ष निवेदन दिनुपर्दछ । निवेदनको नमुना अदालतको सम्बन्धित फाँटमा सम्पर्क गरी पाउन सकिन्छ । यस्तो निवेदनको नमुना जिल्ला अदालत नियमावली २०५२ को अनुसूचीमा समेत राखिएको छ ।

**जग्गाधनी प्रमाणपूर्जा वा दर्ता श्रेस्ता** : जग्गाधनी प्रमाणपूर्जा, अचल सम्पत्तिको दर्ता श्रेष्ता वा रेकर्डसँग सम्बन्धित कागजात हराएको वा नष्ट भएको अवस्थामा आफू स्थायी रुपमा बसेको वा अचल सम्पत्ति भएको

गाविस वा नगरपालिकाबाट कागजात हराउनु वा नष्ट हुनुको कारण सहितको व्यहोरा उल्लेख भएको सिफारिस लिएर सम्बन्धित मालपोत कार्यालयको सम्बन्धित फाँटमा गई निवेदन दिएमा हराएको वा नष्ट भएको कागजातको प्रमाणित प्रतिलिपि लिन सकिन्छ ।

**मालपोत रसिद** : मालपोल तिरेको रसिद हराएको वा नासिएको अवस्थामा अचल सम्पत्ति भएको  गाविस भए गाविस कार्यालयमा र नगरपालिकामा भए वडा कार्यालयमा सम्पर्क गरी मालपोत तिरेको रसिद हराएको व्यहोरा तथा थाहा भएसम्म जग्गाको विवरण उल्लेख गरी निवेदन दिएमा नासिएको वा हराएको मालपोत रसिदको प्रतिलिपि प्राप्त गर्न सकिन्छ ।

**जन्म, मृत्यु, विवाह लगाएत व्यक्तिगत घट्ना दर्ताको प्रमाणपत्र** : व्यक्तिगत घट्ना दर्तासँग सम्बन्धित कुनै प्रकारका कागजात नासिएको अवस्थामा आफ्नो स्थायी बसोबास भएको गाविस भए गाविस कार्यालयमा र नगरपालिकामा भए आफू बसेको वडा कार्यालयमा सम्पर्क गरी के के कागजात के कारणले नासिएको हो थाहा भएसम्मको व्यहोरा उल्लेख गरी निवेदन दिएमा नासिएका कागजातको प्रमाणित प्रतिलिपि प्राप्त गर्न सकिन्छ । गाविस वा नगरिपालिका भित्र रहेको व्यक्तिगत घट्ना दर्तासँग सम्बन्धित फाँटलाई स्थानिय पञ्जिकाधिकारीको कार्यालय पनि भनिन्छ ।

**शैक्षिक प्रमाणपत्र** : शैक्षिक प्रमाणपत्र अन्तर्गत २ प्रकारका प्रमाणपत्रहरु– चारीत्रिक प्रमाणपत्र (Character Certificate) र स्थानान्तरण प्रमाणपत्र (Migration Certificate) तथा लब्धाङ्कपत्र (Transcript) पर्दछन् । चारीत्रिक प्रमाणपत्र (Character Certificate) नासिएको अवस्थामा सम्बन्धित विद्यालय, क्याम्पस वा विश्वविद्यालयमा सम्पर्क राखेमा उपलब्ध हुनेछ भने स्थानान्तरण प्रमाणपत्र (Migration Certificate) नासिएको भए सम्बन्धित विश्वविद्यालयमा र लब्धाङ्कपत्र (Transcript) नासिएको अवस्थामा सम्बन्धित परीक्षा नियन्त्रण कार्यालय वा परीक्षा शाखामा सम्पर्क राखी प्राप्त गर्न सकिन्छ ।

## रजिष्ट्रेशन पारित लिखत तमसुक वा बन्धकी लिखत :

यस्ता प्रकारका लिखत वा कागजात नासिएको अवस्थामा आफू बसेको गाविस वा नगरपालिकाबाट कागजात नोक्सान हुनुको व्यहोरा उल्लेख भएको सिफारिस लिएर सम्बन्धित मालपोत कार्यालयको सम्बन्धित फाँटमा गई निवेदन दिएमा नासिएका कागजातको प्रमाणित प्रतिलिपि लिन सकिन्छ ।

**नागरिकता प्रमाणपत्र र राहदानी :** यस्ता कागजात नास भएमा आफू स्थायी रुपमा बसोबास गर्ने गाविस वा नगरपालिकाको सिफारिस साथ

सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उपस्थित भई नागरिकताको प्रतिलिपि लिन सकिन्छ भने राहदानीको हकमा जिल्ला प्रशासन कार्यालयमार्फत द्रुतसेवाको लागि सिफारिस लिएर परराष्ट्र मन्त्रालय अन्तर्गतको राहादानी विभागमा सम्पर्क गर्नुपर्नेछ तर द्रुत सेवा नलिनेले भने सोही जिल्ला प्रशासन कार्यालयमार्फत राहादानी लिन सक्छन् ।

**कपाली तमसुक, घरसारमा गरेका कागज वा रजिष्ट्रेशन नगरेका कागजहरु :** यस्ता कागजहरु कुनै दैवि परेको कारणले नास भएको अवस्थामा मुलुकी ऐन लेनदेन व्यवहारको १ नं. अनुसार दैवि परेको मितिले बाटाका म्याद बाहेक सात दिनभित्र दुईप्रति दरखास्त लेखी आफ्नो सहिछाप गरी आफ्ना नजिकको प्रहरी कार्यालयमा दिनुपर्दछ ।

**बिमा सम्बन्धी :** बिमा सम्बन्धी लिखतहरुमा बिमालेख तथा बिमा शुल्क तिरेको रसिद पर्दछन् । यस्ता लिखत हराएको वा नासिएकोमा त्यस्तो लिखत सम्बन्धित बिमा कम्पनी वा त्यसका एजेन्टहरुसँग लिखित रुपमा माग्न सकिन्छ ।

अन्य कार्यालयमा रहेका कागजातको सम्बन्धमा : मुलुकी ऐनको अदालती बन्दोवस्तको २११ नं.ले मुद्दा हेर्ने अड्डामा रहेको कागजातको नक्कल सरोकारवाला माग्न आएमा लाग्ने दस्तुर लिई बढीमा ३ दिन भित्र दिनुपर्ने व्यवस्था छ । सो वाहेक कागज जाँचको १७ नं. ले अन्य अड्डामा रहेको कागजको हकमा सरोकारवालाले माग्न आएमा लाग्ने दस्तुर लिई लिन पाउने व्यवस्था गरेको छ ।

## कागजातको पुनप्राप्तीको लागि कानुनी सहयोग

यस संस्थाले नुवाकोट र ललितपुर जिल्लामा भूकम्प पीडितका लागि नोक्सानी भएका, हराएका वा नासिएका कागजातको पुनप्राप्तीका लागि विषेश कानुनी परामर्श केन्द्र स्थापना गरेकोछ । यस केन्द्रबाट भूकम्प पीडितले कानुनी सहयोग एवम् परामर्श निःशुल्क रुपमा प्राप्त गर्न सक्नेछन् ।